# भाषा सिकाइको संज्ञानात्मक निर्माणवादी सिद्धान्त

*नेत्रप्रसाद पौडेल*[*]

**सारांश**

*संज्ञानात्मक निर्माणवादी सिद्धान्तका जनक स्विस मनोवैज्ञानिक तथा दार्शनिक जिन पियाजे बीसौँ शताब्दीका भाषाशास्त्री हुन् । यस सिकाइसम्बन्धी सिद्धान्तबाट बाल विकास र सिकाइबिचको सम्बन्ध निरूपण भएको छ । यसले संज्ञानात्मक सार्वभौमिकतालाई अँगालेको छ । बालबालिकाको सिकाइलाई जैविक पृष्ठभूमिसँग जोडेको छ । भाषा विकासका लागि संज्ञानात्मक विकासको खाँचोलाई औँल्याएको छ । यो संरचनागत, धारणागत, आत्मीकरण तथा संयोजन र सन्तुलनको अवधारणामा आधारित देखिन्छ । यसले स्थितिजन्य सिकाइ सिद्धान्तको पक्षधरता अँगालेको छ । बाल विकाससँग बच्चाको बौद्धिक विकास र संज्ञानात्मक विकासलाई जोड्ने यस सिद्धान्तले भाषालाई तथ्याङ्कको स्रोतका रूपमा मात्र ग्रहण गरेको छ । बालकलाई विभिन्न सजीव-निर्जीव वस्तु र घटनाबारेको तार्किक सिप अनि ज्ञानको निर्माणमा तथा त्यसको पृष्ठपोषणमा भाषाको आवश्यकता पर्छ भन्ने कुरामा यसको जोड देखिन्छ । त्यसैगरी यो भाषा सिकाइका निम्ति मानव बुद्धिलाई अभ्यस्त तुल्याउन वास्तविकताको रूपान्तरण र स्थिरताको आवश्यकताको पक्षमा उभिएको छ । यसले स्वउत्प्रेरणालाई एउटा सक्रिय प्रक्रियाका रूपमा सिकारले आफ्ना विगत र वर्तमानका ज्ञान एवम् अनुभवहरूसँग सम्मिलन, अनुकूलन र संयोजन गर्दै नयाँ ज्ञानको सिर्जना गर्ने प्रक्रियाका रूपमा उपयोग गर्दछ भन्ने पक्ष र ज्ञान ग्रहण गर्ने कुरा नभई विगत र वर्तमानका अनुभवहरूको समन्वयबाट आफैँ सिर्जना हुने कुरा हो भन्ने मान्यतालाई स्विकारेको छ ।*

**विषय प्रवेश**

जिन पियाजे (सन् १८९६-१९८०) बीसौँ शताब्दीका जीववैज्ञानिक, विकासशास्त्री, शिक्षाशास्त्री र भाषाशास्त्रीका रूपमा समेत परिचित छन् । उनले बाल मनोविज्ञानका क्षेत्रमा लामो अध्ययन गरेर विश्वलाई विकासात्मक मनोविज्ञानको विषयमा निरन्तर डोऱ्याउने काम गरेका छन् । उनले बाल विकास र सिकाइको सम्बन्ध निरूपण गर्नुका साथै बालबालिकाका मानसिक चिन्तन, विकासात्मक व्यवहार, धारणा निर्माण, आवश्यकताबोध, क्रियात्मक प्राप्ति र तिनलाई शिक्षण सिकाइका क्षेत्रमा कसरी उपयोग गर्न सकिन्छ भन्नेबारेमा सूक्ष्म अध्ययन गरेका छन् । उनले लामो अध्ययनबाट आफूलाई बीसौँ शताव्दीका लागि भौतिक संसारको ज्ञाताका रूपमा प्रतिष्ठापित गरेका छन् ।

संज्ञानवादी सिकाइ सिद्धान्तका नामबाट चिनिने उनको विकासवादी सिद्धान्त संज्ञानात्मक सार्वभौमिकताको सिद्धान्त हो । भाषाशास्त्रीहरूले यसलाई भाषा सिकाइको संज्ञानात्मक निर्माणवादी सिद्धान्तका रूपमा चिनाउने गरेका छन् । बालबालिकाको

---

* नेपाली शिक्षा विषयका सहप्राध्यापक डा. पौडेल महेन्द्र रत्न क्याम्पस ताहाचलमा प्राध्यापनरत हुनुहुन्छ ।

सिकाइलाई उनले जैविक पृष्ठभूमिसँग जोडेका छन् । भाषालाई तथ्याङ्कको स्रोतका रूपमा उपयोग गरेका छन् । उनी भाषा विकासका लागि संज्ञानात्मक विकासको अनिवार्य आवश्यकताका पक्षमा उभिएका छन् (भण्डारी र पौड्याल, २०६८ : १०१) । उनले औँल्याएको बालबालिकाहरूको नियमित भाषा विकासका लागि संज्ञानात्मक विकासको खाँचो पर्दछ र त्यो आफू वरिपरिको वातावरणसँगको अन्तर्क्रियाबाट प्राप्त हुन्छ भन्ने विषयलाई सिद्धान्तका रूपमा प्रस्तुत गरेका छन् ।

**दार्शनिक पृष्ठभूमि**

भाषा सिकाइको संज्ञानात्मक निर्माणवादी सिद्धान्तको आधारभूमि भनेकै गेस्टाल्टवादी मनोविज्ञान वा संज्ञानात्मक सिद्धान्त मानिन्छ । यसले मस्तिष्कको परम्परागत धारणाको विरोध गर्ने सिलसिलामा खास गरी बर्लिन विश्वविद्यालयमा अनुसन्धान कार्यमा जुटेका युवा जर्मन मनोवैज्ञानिकहरू माक्स वेर्दिमर, कुर्ट कोफ्का र ओल्फग्याङ्ग कोहलरले “स्कुल अफ गेस्टाल्ट साइकोलजी” (इ.सं. १९१२) स्थापनाको घोषणा गरेपछि संज्ञानात्मक सिकाइ सिद्धान्तको जन्म भएको भनी उल्लेख गरिएको छ (शर्मा र शर्मा, २०६७ : ३४८-४९) ।

संज्ञानात्मक सिकाइ सिद्धान्तको जग गेस्टाल्ट मनोविज्ञानको प्रादुर्भाव र विकासमा खोज्न सकिन्छ । यो अनुभववादी व्यवहारवादी सिकाइ सिद्धान्तका विरुद्धमा जन्मेको हुनाले तुलनात्मक रूपमा नयाँ मानिन्छ । यसले कुनै पनि सिकाइ हुनका लागि व्यक्तिको सोच्ने सामर्थ्य, बुझ्ने ज्ञान र सूक्ष्म दृष्टिकोण आवश्यक ठान्दछ । यही जगमा टेकेर पियाजेको “द ल्याङ्ग्वेज एन्ड थट अफ अ चाइल्ड” (इ.सं. १९२६) प्रकाशित भएपछि उनका बालबालिकाको विकाससम्बन्धी विभिन्न पक्षहरूसँगै प्रारम्भिक भाषा प्राप्तिका चरणगत विभिन्न धारणाहरू बाहिर आएका हुन् । आफ्नो सिद्धान्तको व्याख्या गर्ने क्रममा संरचनागत र धारणागत आत्मीकरण तथा संयोजन र सन्तुलनको अवधारणा सार्वजनिक भएपछि उनको सिकाइ सिद्धान्तले आकार ग्रहण गरेको देखिन्छ ।

वंशाणुगत ज्ञानको तरीका र वैधतासित सम्बन्धित सिद्धान्तकारका रूपमा परिचित पियाजेको प्राणीहरूको संज्ञानात्मक क्रियाकलापको अध्ययनबाट जन्मेको यो सिद्धान्त अनुभवजन्य सिकाइभन्दा प्रबल सम्भावना बोकेको स्थिति (मस्तिष्कको कार्य) जन्य सिकाइको पक्षमा उभिएको छ । व्यवहारवाद, संरचनावाद र कार्यवादको विरोधस्वरूप जन्मेको हुनाले यो अन्तर्दृष्टि, सङ्गठन एवम् चित्र र आधारको धारणासँग सम्बन्धित देखिन्छ । अन्तर्दृष्टिका मूल आधारहरूमा प्रत्यक्षीकरण, कल्पना र विचारको प्रधानता रहने गरेको पाइन्छ । यसमा प्रयत्न र भूलबाट सिकाइ हुन्छ भन्ने कुरामा नभई व्यक्तिको बौद्धिक चिन्तन र मस्तिष्कको उपज नै सिकाइ हो भन्ने कुरामा विश्वास गरिन्छ (वाग्ले र पौडेल, २०१० : १४२) ।

**सैद्धान्तिक मान्यता**

संज्ञानात्मक सिकाइको उपर्युक्त पृष्ठभूमिमा जिन पियाजे बाल विकास र सिकाइका नवीनतम आधारहरू लिएर देखा परेका हुन् । संज्ञानात्मक निर्माणवादको पुस्तौनी सिकाइ र चिन्तनलाई पियाजेको सिकाइ सिद्धान्तसँग जोडेर हेर्ने गरिन्छ (कोहेन,

मेनिअन र मोरिसन, २००७ : १६७) । यसबाट उनी यस सिद्धान्तका जनक हुन् भन्ने देखिन्छ । उनी बालविकाससँग बच्चाको बौद्धिक विकास र संज्ञानात्मक विकासलाई जोडेर अध्ययन गर्ने कुशल अध्येता मानिन्छन् । मोर्ग्यान र अन्य (इ.सं. १९९३ :४५१) का अनुसार उनले जन्मदेखि १५ वर्षसम्मको समयलाई विभिन्न चार आधारमा बाँडेर भाषा सिकाइका वर्षका रूपमा स्थान दिएका छन् । मूलतः भाषा सिकाइका निम्ति मानव बुद्धिलाई अभ्यस्त तुल्याउन वास्तविकताको रूपान्तरण र स्थिरता गरी दुई पक्षहरूको प्रतिनिधित्व हुनुपर्दछ भन्ने उनको धारणा रहेको देखिन्छ ।

## बौद्धिकताको प्रस्ताव

पियाजेले बालबालिको सिकाइका लागि प्रभावकारी र प्रतीकात्मक गरी दुई खाले बौद्धिकताको प्रस्ताव गरेका छन् । उनको प्रस्तावअनुसार वास्तविकताको गतिशील वा रूपान्तरणात्मक पक्षको प्रतिनिधित्व र त्यसको संशोधनका लागि प्रभावकारी बौद्धिकता जिम्मेवार हुन्छ । वास्तविकताको स्थिर पक्षको प्रतिनिधित्वका लागि भने प्रतीकात्मक बौद्धिकता जिम्मेवार हुन्छ । यी दुईमध्ये नियमित सिकाइका सन्दर्भमा प्रभावकारी बौद्धिकता सक्रिय पक्ष मानिन्छ । यसमा सम्बन्धित वस्तु वा व्यक्तिको रूपान्तरणको कल्पना वा पुनःसंरचनाको नियमितताका निम्ति निश्चित गरिएका प्रत्यक्ष वा अप्रत्यक्ष सबै कार्यहरू संलग्न हुने उनको मान्यता छ । प्रतीकात्मक बौद्धिकता बौद्धिकताभित्रको धेरै र थोरै स्थिर पक्ष मानिन्छ । यसमा रूपान्तरणहरूका बिचमा आउने अवस्थाहरू दिमागमा कायम राखिराख्न प्रयोग प्रतिनिधित्वका सबै आधारहरू वा पक्षहरू पर्दछन् । यसमा सिकाइका विभिन्न सन्दर्भहरू, जस्तै- प्रत्यक्षीकरण, अनुकरण, कल्पना, चित्र र भाषा समेत संलग्न हुन्छन् भनिन्छ ।

बालकमा हुने बौद्धिक विकासलाई नै पियाजेले ठोस क्रियात्मक अवस्था भन्ने नाम दिएका छन् । यस आधारमा हेर्दा भाषिक लवजहरूमा त्रुटि गर्ने र नगर्ने प्रवृत्तिका कारण सकारात्मक-नकारात्मक सोचाइसँगै बच्चाको संज्ञानात्मक एवम् बौद्धिक विकास पनि स्थायित्वको चरणतिर नियमित हुँदै जान्छ । पियाजेले सिकाइमा भाषाको महत्त्वपूर्ण स्थान हुने कुरा गर्दै बालकमा निर्माण भएको बौद्धिक धारणालाई भाषिक सङ्केतमा परिवर्तन नगरुन्जेल भाषा सिकाइ सङ्क्रमणकालीन अवस्थाबाट अगाडि बढ्दछ भन्ने विचार अघि सारेका छन् । उनका विचारमा बालकले विभिन्न सजीव-निर्जीव वस्तु र घटनाबारेको तार्किक सिप र ज्ञानको निर्माणमा तथा त्यसको पृष्ठपोषणमा समेत भाषाको आवश्यकता अनिवार्य बन्ने गर्दछ (शर्मा र शर्मा, २०६७ : ३९०) ।

## सिकाइमा ठोस प्रवर्धनको अवस्था

बालबालिकाहरूको ७-११ वर्षसम्मको समय मूलतः वास्तविक कार्यहरू वा ठोस प्रवर्धनको अवस्थाका रूपमा रहेको देखिन्छ । यस अवस्थामा बच्चामा प्रमुख रूपले तर्क गर्ने क्षमताको विकास हुन्छ । समानान्तर व्यक्ति वा वस्तुहरूको तुलना गर्न सक्ने, तहगत भिन्नताको जानकारी राख्न सक्ने र वास्तविक संसारका बारेमा जानकारी प्राप्त गर्न सक्ने सामर्थ्यको विकास हुने हुनाले नै उनले बाल विकासभित्रको उर्वर समय उत्तर बाल्यावस्थालाई ठोस कार्यवस्था भनेका हुन् (मोर्ग्यान र अन्य, १९९३ : ४५०-५१) भन्ने

उल्लेख पाइन्छ । यस अवस्थामा बौद्धिक विकासले पूर्णता भने पाइसकेको हुँदैन तापनि बच्चाहरूले जटिल भाषिक संरचनात्मक भिन्नताका बारेको जानकारी भने प्राप्त गरिसकेका हुन्छन् भन्ने मानिन्छ ।

यस अवस्थामा बालकले एकातिर आफ्नो धारणागत स्थायित्व प्राप्त गर्दछ भने अर्कातिर वस्तुहरूमा सम्पूर्णताको धारणा विकास गर्दछ । यसै समयमा बालकले तर्कको सहारा लिएर पिण्ड र दुरीसँग सम्बन्धित महत्त्वपूर्ण नियम वा सिद्धान्त बुझ्न थाल्दछ । यसै अवस्थाभित्र बच्चाहरूमा सङ्ख्यागत एवम् मात्रागत रूपमा गरिएका परिवर्तनहरूलाई जोडघटाउ आदि विधिको प्रयोग गरी पूर्ववत् मिलाउन सक्ने सामर्थ्यको विकास भइसकेको भन्ने मानिन्छ । विशेषतः नौ वर्षका बच्चाहरूले पशु र मान्छेको भेद छुट्याउनुका साथै सामाजिक स्थान जुन भए पनि बाल उमेर समूह र वयस्क उमेर समूहका सबैलाई मान्छे मात्र ठान्दछन् किनभने उनीहरू बच्चा र वयस्कमा केवल आकारगत भिन्नता मात्र देख्दछन् । उनीहरू भाषिक कार्यकै माध्यमबाट संसार र पदार्थका बारेमा राम्रो जानकारी प्राप्त गर्दछन्, तर पदार्थका गुणका बारेमा भने अनभिज्ञ नै रहन्छन् । बालबालिकामा स्वतन्त्रताको राम्रो जानकारी भए पनि त्यसको मर्म वा आशय बुझ्न सक्ने परिपक्वता भने उनीहरूमा नहुने देखिन्छ ।

### सिकाइको तह र द्वन्द्वको अवस्था

विकासशील व्यक्तिको सक्रिय र निष्क्रिय धारणाका बिचमा निरन्तर द्वन्द्व भइरहन्छ भन्ने कुरा भाषिक विकासको अध्ययनबाट देखिएको (मोर्ग्यान र अन्य, १९९३ : ४३९) भन्ने कुरालाई आधार मान्दा पनि यस सिद्धान्तले मानिसलाई व्यवहारवादीहरूले जस्तो यन्त्रका रूपमा नभई सक्रिय प्राणीका तहमा महत्त्व दिएको देखिन्छ । यसले व्यवहारवादीहरूले जस्तो न मानवीय भाषिक व्यवहारको आवृत्ति र परिवर्तन गर्ने बाह्य पुनर्बललाई स्विकारेको छ न मनोविश्लेषणवादीहरूको जस्तो अभिप्रेरणाको पक्षमा विश्वास गरेको छ । यो त मानिसको इन्द्रियले आफ्नो भौतिक वातावरणसँगको अन्तर्क्रियामा जे जति सूचनाहरू प्राप्त गर्दछ ती सबै सिकाइका निम्ति आधार बन्दछन् भन्ने मान्यतामा अडेको छ (सिंह, २०६६ : ११७) भनेर प्रस्ट पारिएको छ । यसबाट भाषा सिकाइका सबै कार्यहरू बच्चा स्वयम्को द्वन्द्वात्मक क्रियाशीलतामा भर पर्दछन् भन्ने देखिन्छ ।

### अनुभवहरूको समन्वयबाट ज्ञानको सिर्जना

पियाजेको संज्ञानात्मक निर्माणवादका सिकाइसम्बन्धी धेरैजसो कुराहरू भिगोत्स्कीको सामाजिक निर्माणवादसँग मिल्दाजुल्दा देखिन्छन् (कोहेन, मेनिअन र मोरिसन, २००७ : १६७-६८) । यस सिद्धान्तले पनि प्रभावकारी सिकाइ सिकारु भित्रैबाट उत्प्रेरित भएपछि मात्र अगाडि बढ्छ भन्ने मानेको देखिन्छ । यो मूलतः स्वउत्प्रेरणालाई एउटा सक्रिय प्रक्रियाका रूपमा सिकारुले आफ्ना विगत र वर्तमानका ज्ञान एवम् अनुभवहरूसँग सम्मिलन, अनुकूलन र संयोजन गर्दै नयाँ ज्ञानको सिर्जना गर्ने प्रक्रियाका रूपमा उपयोग गर्दछ भन्ने मान्यतामा आधारित देखिन्छ । यसबाट ज्ञान ग्रहण गर्ने कुरा नभई विगत र वर्तमानका ज्ञान तथा अनुभवहरूको समन्वयबाट आफैँ सिर्जना हुने कुरा

हो भन्ने प्रस्ट हुन्छ । यसबाट सिकाइको संज्ञानात्मक संरचना एवम् वातावरणसँगको नियमित अन्तरक्रियाको प्रक्रियाबाट ज्ञानको सिर्जना आफैँ हुन्छ भन्ने देखिन्छ ।

पियाजेले उक्त अवधारणाभित्रको आफ्नो सिकाइ सिद्धान्तमा जनावर र मानिसलाई भिन्न बनाउने तत्त्वका रूपमा तर्क, धारणा, कारण, सङ्केत र सङ्क्षेपीकरणलाई समेटेका छन् । यसले भाषिक विकासका लागि मान्छेको सक्रिय व्यवहार र संज्ञानात्मक विकासका लागि बालकभित्र अन्तरनिहीत सङ्गठनात्मक क्षमतालाई महत्त्व दिएको छ । उनको यस सङ्गठनात्मक धारणाले व्यवहारबादी र मनोवादीहरूको बच्चाको सिकाइसम्बन्धी परम्परागत दुई पृथक् धारणा (भर्खर जन्मेको बच्चा कुमालेको काँचो माटो हो जो वातावरणीय परिवर्तनको प्रतीक्षा गरिरहेको हुन्छ/बच्चा एक असाधारण यन्त्र हो जो आफ्नो भविष्यको विकासका निम्ति एउटा संरचना बोकेर बसेको हुन्छ, क्लार्क, एलेनर कर्डर्स, १९७५) बाट उब्जेका प्रश्नहरूको समाधानमा महत्त्वपूर्ण काम गर्न सकेको छ (शर्मा र फ्याक, २००९ : २२) भन्ने कुरा उल्लेख भएको छ ।

**भाषा सिकाइका चरणहरू**

यस सिद्धान्तबाट उनले बच्चाको भाषाले विभिन्न तहहरूमा हुने उनीहरूकै सिप र सोचाइलाई प्रतिविम्बित गर्दछ भन्ने निष्कर्ष निकालेको देखिन्छ । उनका सिकाइसम्बन्धी चरणहरू मूलतः चार प्रकारका रहेका छन् ।

**इन्द्रिय क्रियात्मक अवस्था**

भाषा सिकाइको यो अवस्था जन्मदेखि २ वर्षसम्म रहने मानिन्छ । यस समयमा बच्चाहरूले सर्वप्रथम जन्मजात सामर्थ्यको बलमा चुस्ने, समात्ने आदि कार्य सम्पन्न गर्दछन् । उनले यस समयलाई बच्चाहरूको आफूसँग भएको सार्वभौम संज्ञानात्मक सामर्थ्यको उपयोग गरी संसारको ज्ञान वा जानकारी आफूभित्र मिलाउँदै जाने अवधिका रूपमा वर्णन गरेका छन् । उनले बच्चाको भाषाका आत्मकेन्द्री र समूहकेन्द्री गरी दुई कार्यहरू हुने बताएका छन् । यस चरणको बच्चाको भाषाचाहिँ आत्मकेन्द्री हुन्छ भन्ने उनको मान्यता रहेको छ । यस उमेर समूहका बच्चाहरू या त आफ्नै लागि बोल्छन् या त्यही क्षणको क्रियाकलापमा आफ्नै आनन्दसँग जोडिन आइपुग्ने अरू कसैका लागि बोल्ने गर्दछन् ।

**पूर्व क्रियाकत्मक अवस्था**

भाषा विकासको यो अवस्था २-७ वर्षको मानिन्छ । यस चरणमा बच्चाको भाषा विकास तीव्र रूपमा हुने गर्दछ । यस उमेर समूहका बच्चाहरूको सबल मानसिक संरचनाको विकासका कारण आ-आफ्ना पूर्वानुभव वा सूचनाहरू नयाँ सूचनासँग मेल खाएनन् भने नयाँ ज्ञान वा सूचनासँग परिवर्तन वा अनुकुलन हुन्छन् । नेपालको सन्दर्भमा हेर्दा यस चरणको सुरुतिरबाटै बच्चाहरूले 'आमा दुध', 'आमा बाहिर जानु' जस्ता वाक्यहरूमा बोल्न सुरु गर्दछन् । उनले बच्चाको यस समयको भाषालाई प्रतीकात्मक भनी वर्णन गरेको देखिन्छ । भाषिक प्रतीकात्मकताले नै बच्चाहरूलाई अहिले र अहिलेभन्दा पर साहस गर्न अनि भूत, भविष्य, मानिस, भावना, घटना आदिका बारेमा कुरा गर्न अनुमति प्रदान गर्दछ भन्ने उनको मान्यता देखिन्छ । यस चरणको बच्चाको

भाषाले प्रत्येक वस्तु तथा प्राकृतिक चिजहरूमा आत्मा विद्यमान रहन्छ भन्ने आत्मवादी धारणा र आफैं मात्र केही हुँ र आफ्नै बारेमा मात्रै सोचाइ हुनुपर्छ भन्ने अहम् वा आत्मकेन्द्री धारणालाई प्रतिविम्बित गर्दछ भन्ने उनको विचार देखिन्छ ।

### ठोस क्रियात्मक अवस्था

भाषा विकासको यो अवस्था ७-११ वर्षको मानिन्छ । यस समयमा बच्चाहरूले भाषाको ठिक-ठिक प्रयोबाट वस्तुको आकार, रूप, तौल, परिमाण, मात्रा र गुणको भेद गर्न सक्छन् भन्ने उनको मान्यता छ । यस चरणमा हुने भाषा विकासले बच्चाको स्मरण शक्ति र क्रियात्मक विकासले शारीरिक शक्तिलाई प्रतिविम्बित गर्दछ । यसै समयमा बच्चाहरूमा जोडघटाउ र वर्गीकरणात्मक क्षमताको समेत विकास हुन्छ । यस समयको अन्त्यसम्म आइपुग्दा बच्चाहरूको भाषाले तार्किक चिन्तनशक्तिको रूप प्राप्त गरिसक्तछ । यसै चरणको भाषाले बच्चाको नैतिक यथार्थको धरातललाई प्रतिविम्बित गर्ने मान्यता पनि उनको देखिन्छ । तर्कको आधारमा यस उमेर समूहका बच्चाले निर्जीव वस्तुलाई पनि सजीव वस्तुका दायरामा राख्ने, हरेक कुरालाई आफ्नै दृष्टिकोणबाट हेर्ने कुरामा आफूलाई परिवर्तन गर्ने, भाषिक त्रुटिको दायरालाई असल र खराब कार्यका रूपमा नलिने र हरेक कुरामा आफूलाई विकेन्द्रित तुल्याउने कार्यमा आफूलाई सक्रिय पार्ने गर्दछ । यस समयको बच्चाको भाषा विकास पनि शारीरिक अनुभव सापेक्ष हुन्छ । यसै जगमा टेकेर बच्चाले सचेतनापूर्वक भाषिक अनुमान र व्याख्यामा आफूलाई सक्रिय तुल्याउँछ ।

### औपचारिक क्रियात्मक अवस्था

भाषा विकासको यो चरण ११-१५ वर्षको मानिन्छ । यो संज्ञानात्मक विकासको अन्तिम चरण हो । यसै चरणमा आएर बच्चाहरू जटिल तर्क र सिद्धान्तसमेत बुझ्न समर्थ हुन्छन् भन्ने मान्यता रहेको छ । यस समयमा उद्देश्यमूलक एवम् व्यवस्थित चिन्तनको विकासबाट जीवनवादी चिन्तनको विकास पनि हुन्छ । यस समयमा विकास भएको उनीहरूको भाषाले परिकल्पना गर्ने, विभिन्न वस्तु तथा घटनाहरूको प्रमाणीकरण एवम् सैद्धान्तिक विवेचना गर्ने जस्तो सामर्थ्य प्राप्त गरिसक्दछ । यस समयको उनीहरूको भाषाले उनीहरूकै परिपक्व तार्किकताको गतिलाई देखाउँछ । यसै विन्दुमा आएर बच्चाको भाषाले प्रश्नहरू गर्ने, उत्तरहरू खोज्ने, आलोचनाहरू गर्ने, आदेशहरूलाई देखाउने जस्ता विशेषताहरूको विकास गरी सामाजिकीकरणको प्रक्रिया सुरु भएको सङ्केतलाई प्रतिविम्बित गर्दछ ।

### विशेषताहरू

यस सिद्धान्तका देहायबमोजिम मुख्य विशेषताहरू रहेका छन् :

- बालक जन्मजात रूपमा लिएर आएको भाषिक सामर्थ्यका आधारमा भाषा सिक्तैन बरु उमेर बढ्दै जाँदा नियमित बन्ने संज्ञानात्मक विकासले भाषिक नियन्त्रण प्राप्त गर्न थालेपछि भाषा विकास सुरु हुन्छ ।
- बालकको बौद्धिक विकास भाषा विकासको मेरुदण्ड हो । सिकारुमा बौद्धिक क्षमता जति बढी हुन्छ त्यति नै बढी भाषिक दक्षतामा वृद्धि हुन्छ ।

- बच्चामा हुने भाषिक सार्वभौमिकताको पक्ष वातावरण सापेक्ष हुन्छ ।
- बच्चामा हुने भाषा विकासको मूल स्रोत र पूर्वाधार संज्ञानात्मक विकास हो । यही बौद्धिक वा संज्ञानात्मक विकासको परिणामस्वरूप बच्चाको भाषामा परिवर्तन हुन्छ ।
- भाषिक सिप र अन्य सिपमा भिन्नता छैन । बच्चाले भाषेतर सिप जसरी सिक्तछ भाषिक सिप पनि त्यसरी नै सिक्तछ ।
- भाषा सिकाइको गति बच्चाको बौद्धिक क्षमतामा निर्भर गर्दछ । गतिको निर्धारण भने संज्ञानात्मक विकाको सापेक्षतामा आधारित हुन्छ ।
- बच्चाको संज्ञानात्मक विकासको मात्राअनुसार भाषा सिकाइले नियमितता र गतिशीलता प्राप्त गर्दछ ।
- बालकको संज्ञानात्मक विकास एक अवस्थाबाट अर्को अवस्थामा क्रमिक र प्रगतिका साथमा अगाडि बढ्दछ ।
- बालबालिकाको भाषा सिकाइले उनीहरूमा निर्माण भएको वातावरण प्रदत्त धारणा भाषिक शब्द सङ्केतमा परिवर्तन नहुँदासम्म सङ्क्रणको अवस्थालाई बेहोर्नु पर्दछ ।
- बालक स्वयम्ले संसारको ज्ञान आफैँ सिर्जना गर्दछ । त्यो उसकै वरिपरिको वातावरण र त्यससँगको अन्तरक्रियाको नियमित क्रमबाट प्राप्त हुन्छ ।

**निष्कर्ष**

पियाजेले बच्चाको भाषा विकास र सोच निर्माणका बारेमा गरेको अनुसन्धानबाट बच्चाहरूले वयस्कले जस्तो सोच्दैनन् भन्ने निष्कर्ष निकालेका छन् । उनको यस निष्कर्षले बच्चाहरूको नवजात शिशु अवस्थाबाट वयस्कमा विकास हुँदाको मानसिक संरचनाको वर्णन गरेको पाइन्छ । यसबाट बच्चाहरूले आफ्नो सेरोफेरोभित्रको वातावरणसँगको अन्तरक्रियाबाट संसारबारेको ज्ञान आफैँ निर्माण गर्दछन् भन्ने देखिएको छ । उनले बच्चाहरूको सिकाइलाई इन्द्रिय क्रियात्मक, पूर्व क्रियात्मक, ठोस क्रियात्मक र औपचारिक क्रियात्मक गरी चार भागमा बाँडेका भए पनि ७-११ वर्षबिचको समय उपलब्धिमूलक देखिन्छ । यसै कारण यस अवस्थामा बालकले आफ्नो धारणागत स्थायित्व प्राप्त गर्नुका साथै वस्तुहरूमा सम्पूर्णताको धारणा विकास गर्दछ भनिन्छ ।

यसबाट बालक स्वयम्ले संसारको ज्ञान आफ्नो वरिपरिको वातावरणसँगको निमित अनतरक्रियाबाट आफैँ सिर्जना गर्दछ भन्ने आधार भेटिन्छ । यसअनुसार सिकाइ सक्रिय एवम् स्वनिर्देशित हुने हुँदा समय लाग्नुका साथै यसका लागि भाषाको ठूलो महत्त्व हुने कुरा सुझाइएको छ । सिकाइ पूर्वअनुभवहरूमा आधारित हुन्छ र ज्ञान अनिश्चित, विकासशील, अल्पकालीन एवम् प्रायोगिक हुन्छ भन्ने मान्यतालाई यसले आत्मसात गरेको छ । यसबाट ठोस क्रियात्मक अवस्थाको बालकले पहिला सिकेका भाषिक कुराहरू र घटनाजन्य अनुभवहरूलाई अपरिपक्वता र परिपक्वताको सङ्क्रमणबाट स्थायित्व प्राप्त गर्ने प्रयत्न गरिरहेको हुन्छ भन्ने देखिन्छ ।

**सन्दर्भ कृतिसूची**

कोहेन, लुइस, लरेन्स, मेनिअन र किथ, मोरिसन (इ.सं. २००७). *अ गाइड टु टिचिङ प्राक्टिस.* लन्डन : राउटलेज ।

पियाजे, जिन (इ.सं. १९२६). *द ल्याङ्ग्वेज यान्ड थट अफ द चाइल्ड.* लन्डन : राउटलेज ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (वि.सं. २०६८). *सामाजिक भाषाविज्ञान र मनो भाषाविज्ञान.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मोर्ग्यान, टि क्लिफर्ड र अन्य (इ.सं. २००६). *इन्ट्रोडक्सन टु साइकोलजी.* न्युयोर्क : म्याग्रहिल ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ (वि.सं. २०६६). *बाल विकास र सिकाइ.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (वि.सं. २०६७). *शिक्षा मनोविज्ञान.* काठमाडौँ : एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, बालकृष्ण र फ्याक, प्रेमबहादुर (इ.सं. २००९). *टिचिङ्ग इङ्गलिस ल्याङ्ग्वेज.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

सिंह, नागेश्वर (वि.सं. २०६६). *बाल विकास र सिकाइ.* काठमाडौँ : पैरवी प्रकाशन ।